# एक प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र एक प्राङ्गारिक मल कारखाना स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

स्वीकृत मितिः २०८२/०८/२२

**प्रस्तावनाः** बागमती प्रदेशको सबै प्रदेशसभा सदस्य निर्वाचन क्षेत्रमा कम्तीमा एक प्राङ्गारिक मल कारखाना स्थापना गरी बागमती प्रदेशको खेतीयोग्य जमीनको माटोको गुणस्तर दिगो रूपमा सुधार गरी स्वस्थ कृषि उपजको उत्पादन वृद्धि गर्न आवश्यक भएकोले प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि तयार गरी लागु गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "एक प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र एक प्राङ्गारिक मल कारखाना स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"आवेदक"** भन्नाले नयाँ प्राङ्गारिक मल कारखाना स्थापना गर्न ईच्छुक स्थानीय तह, कृषक समूह, कृषि सहकारी, बहुउद्देश्यीय सहकारी, सामुदायिक वन उपभोक्ता समूह, प्राङ्गारिक मल उत्पादन/फोहोर मैला व्यवस्थापन गर्ने उद्देश्यले स्थापित निजी फर्म/कम्पनी/गैर सरकारी संस्था सम्झनुपर्छ।

(ख) **"कारखाना"** भन्नाले कुनै मेसिनरी/उपकरण र प्रविधिको प्रयोग गरी प्राङ्गारिक मल उत्पादन गर्ने स्थल वा उद्योग सम्झनुपर्छ।

(ग) **"कारखाना स्थापना"** भन्नाले स्थानीय तह, कृषक समूह, कृषि सहकारी र बहुउद्देश्यीय सहकारी संस्था, प्राङ्गारिक मल उत्पादन/फोहोर मैला व्यवस्थापन गर्ने उद्देश्यले स्थापित निजी फार्म/कम्पनी/गैर सरकारी संस्था अन्तर्गत प्राङ्गारिक मल उत्पादन गर्न नयाँ कारखाना स्थापना गर्ने कार्य सम्झनुपर्छ।

(घ) **"कार्यक्रम"** भन्नाले वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भएको एक प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र एक प्राङ्गारिक मल कारखाना स्थापना कार्यक्रम र बजेट सम्झनुपर्छ।

(ङ) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनुपर्छ।

(च) **"प्रदेश निर्वाचन क्षेत्र"** भन्नाले बागमती प्रदेशको प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र सम्झनुपर्छ।

(छ) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश सम्झनुपर्छ।

(ज) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनुपर्छ।

(झ) **"कार्यालय"** भन्नाले निर्देशनालय मातहतको जिल्लास्थित कृषि विकास कार्यालय सम्झनुपर्छ।

मा. मधुसूधन पौडेल
मन्त्री

(ञ) **"बहुउद्देश्यीय सहकारी"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका कृषि क्षेत्रमा समेत काम गर्ने बहुउद्देश्यीय सहकारी संस्था सम्झनुपर्छ।

(ट) **"प्राङ्गारिक मल"** भन्नाले कृषि बालीको लागि आवश्यक पोषक तत्व उपलब्ध गराउनको लागि बोट बिरूवा वा माटोमा प्रयोग गर्न वनस्पति र वा पशुजन्य पदार्थ र वा जीवजन्तुको मलमूत्र कुहाएर तयार गरिएको कार्बनयुक्त पदार्थ सम्झनुपर्छ।

(ठ) **"मेसिनरी/उपकरण"** भन्नाले प्राङ्गारिक मल उत्पादन प्रक्रियामा प्रयोग हुने मेशिन, यन्त्र, उपकरणको साथै स्थानीयस्तरमा पार्टपूर्जा जडान गरी तयार पारिएको एसेम्बल्ड मेसिनरी तथा उपकरण समेतलाई सम्झनुपर्छ।

(ड) **"साझेदार"** भन्नाले कार्यक्रम सञ्चालनको लागि छनोट भएका आवेदक सम्झनुपर्छ।

(ढ) **"स्थानीय तह"** भन्नाले प्रदेश भित्रका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनुपर्छ।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन

३. <u>कार्यक्रम सञ्चालन</u>: (१) यो कार्यक्रम बागमती प्रदेशभर लागू हुनेछ।

(२) माग र सम्भाव्यताको आधारमा एक प्रदेश निर्वाचन क्षेत्रमा एक कार्यक्रम सञ्चालन गरिनेछ।

४. <u>आशयपत्रको माग</u>: (१) आशयपत्रको लागि निर्देशनालयले २१ दिनको समयसीमा राखी राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नेछ। साथै, प्रदेशका सबै स्थानीय तहलाई २१ दिनको समयसीमा दिइ पत्राचार गर्नेछ।

(२) उपदफा (१) अनुसारको सूचना प्राप्त गरेका आवेदकले अनुसूची-१ अनुसारको कागजातहरु, अनुसूची-२ अनुसारको परियोजना प्रस्ताव, अनुसूची-३ अनुसारको दिगोपनाको योजना तथा लागत साझेदारी सुनिश्चितता सहित आशयपत्र पेस गर्नुपर्नेछ।

(३) स्थानीय तहले आशय पत्र पेस गर्दा उक्त परियोजना सञ्चालनका लागि उपयुक्तता, लगानीको सुनिश्चितता र दिगोपना सुनिश्चित भएको बेहोरा सहितको कार्यपालिकाको निर्णय संलग्न गर्नु पर्नेछ।

(४) भौगोलिक हिसाबले जोडिएका वा लागत साझेदारी र संयुक्त रुपमा कारखाना सञ्चालन गर्ने प्रतिबद्धता सहित आवेदकहरुले संयुक्त रुपमा समेत आशय पत्र पेश गर्न सक्नेछन्।

५. <u>प्रस्तावको छनौट</u>: (१) आवेदकहरुबाट प्राप्त आशयपत्रहरुको छनोटका लागि सिफारिस गर्न निर्देशनालयमा देहाय बमोजिमको एक छनोट सिफारिस समिति गठन गरिनेछ:-

| | | |
|---|---|---|
| (क) | प्रमुख, निर्देशनालय | - संयोजक |
| (ख) | प्रमुख, कृषि विकास महाशाखा, मन्त्रालय | - सदस्य |
| (ग) | प्रमुख, माटो तथा मल परीक्षण प्रयोगशाला | - सदस्य |

मा. मधुसूधन पौडेल
मन्त्री

(घ) प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय - सदस्य
(ङ) कृषि ईन्जिनियर/सब-इन्जिनियर, निर्देशनालय - सदस्य
(च) अधिकृत प्रतिनिधि, सम्बन्धित शाखा, निर्देशनालय - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार बढीमा २ (दुई) जनासम्म सम्बन्धित विषय विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

(क) अनुसूची-४ बमोजिमको प्रस्ताव मूल्याङ्कन मापदण्डका आधारमा प्रस्तावहरुको मूल्याङ्कन गरी छनोटका लागि निर्देशनालय समक्ष सिफारिस गर्ने,
(ख) छनोट भएका प्रस्तावहरुको विस्तृत परियोजना प्रतिवेदन तयारीका लागि परामर्शदाता छनोट तथा नियुक्तिका लागि निर्देशनालय समक्ष सिफारिस गर्ने,
(ग) छनोट भएका प्रस्तावहरुको कारखाना निर्माणका क्रममा आइपरेका समस्या समाधानका लागि सुझाव दिने,
(घ) अन्य आवश्यक कार्यहरू गर्ने।

(४) समितिले आवेदकहरु छनोट सिफारिस गर्दा प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ।

६. <u>समझदारी कायम गर्नुपर्नेः</u> (१) छनोट भएका साझेदार र निर्देशनालय बिचमा प्रचलित कानुनको अधिनमा रही समझदारी कायम गरिनेछ।

(२) समझदारीका बुँदाहरु आपसी छलफलबाट तय गरिनेछ। समझदारी कायम गर्दा निर्देशनालय र सम्बन्धित साझेदारको भूमिका स्पष्ट उल्लेख गरिनेछ।

७. <u>विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारीः</u> (१) छनोट भएका आवेदकले कारखाना स्थापना गर्ने उपयुक्त स्थानमा निर्देशनालयले स्वतन्त्र परामर्शदातामार्फत विस्तृत परियोजना प्रतिवेदन तयार गराउनेछ।

(२) कारखाना स्थापनाको लागि आवश्यक न्यूनतम मापदण्ड विस्तृत परियोजना प्रतिवेदनमा उल्लेख गरिनेछ।

(३) परामर्शदाताले तयार गरेको विस्तृत परियोजना प्रतिवेदन (DPR) लाई विभिन्न सरोकारवाला तथा विज्ञहरुसँग छलफल गरी आवश्यकता र औचित्यको आधारमा परिमार्जन गरी निर्देशनालयबाट स्वीकृत गर्नुपर्नेछ।

(४) विस्तृत परियोजना प्रतिवेदनमा कारखाना स्थापनाको कुल लागत, कार्यान्वयन योजना तथा साझेदारले बेहोर्नुपर्ने रकम स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ।

८. <u>सम्झौताः</u> (१) कार्यक्रम कार्यान्वयनमा सहजताको लागि कारखाना स्थापनाका लागि आवश्यक बजेट जिल्लास्थित कृषि विकास कार्यालय वा सम्बन्धित स्थानीय तहमा बजेट विनियोजन गरी पठाउन सकिनेछ। कार्यालयमा बजेट विनियोजन गरिएको अवस्थामा कारखाना स्थापनाका लागि

मा. मधुसूदन पौडेल
मन्त्री

निर्देशनालयको लागि तोकिएको जिम्मेवारी कार्यालयले निभाउने छ भने स्थानीय तहमा बजेट विनियोजन भएको अवस्थामा सम्बन्धित स्थानीय तहले लगानी गर्ने रकमको सुनिश्चितता गरेर मात्र निर्माण कार्य अगाडि बढाउनु पर्नेछ।

(२) कार्यविधिको दफा ६ बमोजिम समझदारी कायम भई दफा ७ अनुसार विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएका आवेदकहरुलाई निर्देशनालय/कार्यालयले १५ दिनको म्याद दिई सम्झौताका लागि पत्राचार गर्नेछ।

(३) साझेदार र निर्देशनालयबिच कार्यक्रम कार्यान्वयनका लागि द्विपक्षीय सम्झौता गरिनेछ।

(४) स्थानीय तहले आफै कारखाना स्थापना नगर्ने तर अन्य आवेदकले स्थापना गर्ने कारखानामा लागत साझेदारी गर्ने हकमा आवेदक, स्थानीय तह र निर्देशनालयबिच त्रिपक्षीय सम्झौता गरिनेछ।

(५) उपदफा (३) र (४) बमोजिम सम्झौता गर्दा प्रचलित कानुन तथा स्वीकृत DPR मा व्यवस्था भए अनुसार सम्झौता गर्नुपर्नेछ।

९. <u>कारखाना स्थापनाका लागि न्यूनतम मापदण्डः</u> (१) कार्यक्रम सञ्चालनका लागि कम्तीमा २ रोपनी जग्गा सुनिश्चितता हुनुपर्ने। साथै, लिजमा लिएको हकमा कम्तीमा १० बर्षका लागि स्थानीय तहको रोहवरमा जग्गा करारनामा गरेको हुनुपर्नेछ। स्थानीय तहबाट प्रस्ताव पेस गरेको अवस्थामा सार्वजनिक जमिनमा कारखाना स्थापनाको प्रस्ताव गरेमा कारखाना स्थापनाको DPR अगावै स्थानीय तहको स्वामित्वमा जग्गा प्राप्ति सुनिश्चितता पेस गर्नुपर्नेछ।

(२) कारखानाको वार्षिक प्राङ्गारिक मल उत्पादन क्षमता न्यूनतम १०० मे.टन हुनु पर्नेछ।

(३) आवेदकले कार्यक्रम सञ्चालन, दिगोपन तथा लगानीको सुनिश्चितता देखाउने आवश्यक प्रमाणहरु पेस गर्नुपर्नेछ। स्थानीय तहको हकमा उक्त परियोजना सञ्चालनका लागि स्रोत सुनिश्चितता, लगानीको उपयुक्तता र दिगोपना भएको बेहोरा सहित कार्यपालिकाको निर्णय संलग्न गर्नुपर्नेछ।

(४) कारखानाको नियमित सञ्चालनका लागि आवश्यक पर्ने कच्चापदार्थको उपलब्धता, सुनिश्चितता, दिगोपन र उत्पादन भएको मलको बिक्री वितरणको पर्याप्त आधार पेस गर्नुपर्नेछ।

(५) स्थानीय तह बाहेकका आवेदकले देहाय बमोजिमको थप मापदण्ड पुरा गर्नुपर्नेछः

(क) कारखाना स्थापना गर्ने साझेदार प्रचलित कानुनबमोजिम सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्ने,

(ख) संस्था प्यान/भ्याटमा दर्ता भएको हुनुपर्ने,

(ग) गत आ.व. को कर चुक्ता गरेको हुनु पर्ने (नयाँ संस्थाको हकमा नपर्ने),

(घ) संस्था नवीकरण गरेको हुनुपर्ने,

(ङ) संस्थाको हकमा वार्षिक साधारणसभाबाट निर्णय गरी वा वार्षिक साधारण सभाबाट अनुमोदन गराउने गरी कार्य समितिको बैठकले कारखाना स्थापना गर्ने निर्णय गरेको हुनुपर्ने,



मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

(च) प्रचलित कानुनबमोजिम अयोग्य नभएको।

## परिच्छेद -३
## आर्थिक पक्ष

१०. <u>साझेदार रकम</u>: (१) कारखाना स्थापना गर्न स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही रकम उपलब्ध गराईनेछ।

(२) स्वीकृत DPR मा उल्लेख भए अनुसार बजेट उपलब्ध गराईनेछ। निर्देशनालयको स्वीकृत वार्षिक कार्यक्रमको स्वीकृत DPR मा उल्लेख भएको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित साझेदारले अनिवार्य रुपमा जुटाउनु पर्नेछ। उक्त रकम सम्झौता पूर्व साझेदारले निर्देशनालयले उपलब्ध गराएको धरौटी खाता/विविध खर्च खातामा जम्मा गर्नुपर्नेछ। एक कारखाना स्थापनाको लागि कुल लागतको बढीमा पचास प्रतिशत वा बढीमा रु. ५० लाखसम्म बजेट उपलब्ध गराइनेछ।

११. <u>कारखाना निर्माण</u>: (१) कारखाना निर्माण कार्य सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद नियमावली, २०८० बमोजिम निर्देशनालय/कार्यालयले गर्नेछ।

(२) योजनाको सहज कार्यान्वयनका लागि समान भौगोलिक अवस्था तथा सुगमताका आधारमा योजनाहरु अलग अलग वा योजनाहरुको क्लस्टर बनाई बोलपत्र आह्वान गर्न सकिनेछ।

१२. <u>कन्टिनजेन्सी रकम</u>: (१) कार्यक्रम बजेटको बढीमा दुई प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याईनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, आवेदकहरुको स्थलगत निरीक्षण एवं प्रमाणीकरण, विस्तृत सम्भाव्यता अध्ययन (DPR) तयारी, प्राविधिक/इन्जिनियर नियुक्ति, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गर्न सकिनेछ।

१३. <u>भुक्तानी प्रकिया</u>: सम्झौतामा उल्लेख भएबमोजिम प्रचलित कानुनबमोजिम भुक्तानी गरिनेछ।

१४. <u>कारखाना हस्तान्तरण</u>: (१) निर्माण कार्य सम्पन्न पश्चात निर्देशनालय/कार्यालयले साझेदारलाई कारखाना हस्तान्तरण गर्नेछ।

(२) हस्तान्तरण पश्चात कारखाना सञ्चालनको जिम्मेवारी सम्बन्धित साझेदारको हुनेछ।

१५. <u>कारखाना सञ्चालन</u>: (१) स्थानीय तहको हकमा कारखाना सञ्चालन तथा सहजीकरणका लागि सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय अनुसार सञ्चालन गर्न सक्नेछ।

(२) स्थानीय तहबाहेक अन्य साझेदारले कारखाना सञ्चालनको हकमा साझेदारले सञ्चालनका लागि तय गरेको मापदण्ड बमोजिम हुनेछ तर सो कारखाना सम्बन्धित स्थानीय तह/मन्त्रालय र सो मातहतको निकायले जुनसुकै समयमा निरीक्षण गर्न सक्नेछ।

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

१६. <u>प्राङ्गारिक मलको मापदण्ड तथा गुणस्तरः</u> प्राङ्गारिक मलको मापदण्ड नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका, २०७८ बमोजिम हुनेछ।

## परिच्छेद -४

## <u>विविध</u>

१७. <u>साझेदारले पालना गर्नुपर्ने विषयहरुः</u> साझेदारले देहायका विषयहरु पालना गर्नुपर्नेछः

(क) कारखाना स्थापना वा विस्तारमा प्रयोग हुने गरी खरिद गरिएको मेसिनरी तथा उपकरण कारखानामा प्राङ्गारिक मल उत्पादन गर्ने प्रयोजन बाहेक अन्य प्रयोजनमा लगाउन पाइने छैन,

(ख) अनुदान रकमबाट खरिद गरी कारखानामा प्रयोग गरिएका मेसिनरी तथा उपकरण कम्तीमा १० वर्ष बेच बिखन गर्न पाइने छैन,

(ग) कारखानामा प्राङ्गारिक मल उत्पादन गर्न रकम पाएका साझेदारले कारखाना नियमित रुपमा सञ्चालन गर्नुपर्नेछ।

१८. <u>दोहोरोपना नहुनेः</u> (१) यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघ/प्रदेश/स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासँग दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ। साझेदारले दोहोरो सुविधा लिएको पाईएमा सम्पूर्ण प्रोत्साहन रकम प्रचलित ब्याज सहित असुल गरिनेछ।

(२) उपदफा (१) को व्यवस्थाले साझेदारले दोहोरोपना नहुने गरी प्रचलित कानुन वमोजिम जुनसुकै निकायबाट पारदर्शी रुपमा आर्थिक सहयोग प्राप्त गर्न बाधा पुर्याएको मानिने छैन।

१९. <u>साझेदारी गर्न सक्नेः</u> यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन सम्बन्धित स्थानीय तहले समेत सोही प्रकृतीको बाहेक अन्य क्रियाकलापहरुमा बजेट विनियोजन गरी कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ।

२०. <u>कारबाही सम्बन्धी व्यवस्थाः</u> साझेदारले सम्झौता अनुरुप रकम लिई दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

२१. <u>संशोधनः</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ। आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ।

२२. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएका प्रकियाको सम्बन्धमा यसै कार्यविधि बमोजिम र अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

मा. मधुसूदन पौडेल
मन्त्री

२३. <u>खारेजी</u>: एक प्रदेशसभा सदस्य एक प्राङ्गारिक मल कारखाना स्थापना कार्यक्रम संचालन कार्यविधि, २०८० र एक प्रदेशसभा सदस्य एक प्राङ्गारीक मल कारखाना स्थापना कार्यक्रम संचालन कार्यविधि, २०८१ (प्रथम संशोधन) खारेज गरिएको छ। सो कार्यविधि बमोजिम भएका सम्पुर्ण काम कारबाही यही कार्यविधि बमोजिम गरिएको मानिनेछ।

मा. मधुसूदन पौडेल
मन्त्री

अनुसूची-१

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

<u>आवश्यक कागजातपत्रहरु</u>

बागमती प्रदेश सरकार
भूमि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

(क) रु. १० को टिकट टाँसिएको आशय पत्र पेस सम्बन्धी निवेदन,

(ख) आफ्नै जग्गाको हकमा जग्गा धनी प्रमाणपुर्जाको प्रतिलिपी,

(ग) आफ्नै जग्गा नभएको हकमा कम्तीमा १० बर्षको जग्गाको करारनामा सम्झौता भएको प्रमाणित पत्र,

(घ) सरकारी/सार्वजानिक जग्गाको हकमा साझेदार स्थानीय तहको नाममा प्रचलित कानुन बमोजिम स्वामित्व प्राप्ति सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपी वा दफा ६ बमोजिम समझदारी गर्नु अघि स्वामित्व सम्बन्धी कागजात पेस गर्ने प्रतिबद्धता,

(ङ) अनुसुची-२ बमोजिमको ढाँचामा परियोजना प्रस्ताव,

(च) अनुसुची-३ बमोजिमको दिगोपना सुनिश्चितताको योजना,

(छ) परियोजना सञ्चालनका लागि उपयुक्तता, लगानीको सुनिश्चितता र दिगोपना सुनिश्चित भएको बेहोरा सहितको कार्यपालिकाको निर्णय,

(ज) प्रदेश निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित सांसदको सिफारिस।

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-२
(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**प्रस्ताव फाराम**

| क) प्राविधिक प्रस्तावः | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानीय तहको नाम | |
| ३ | आवदेकको नाम/ठेगाना | |
| ४ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं./मोबाइल नं. | |
| ६ | आवेदकको इमेल ठेगाना | |
| ७ | आवेदक संस्थाको दर्ता नम्बर | |
| ८ | दर्ता भएको निकाय र दर्ता मिति | |
| १० | भ्याट/पान दर्ता नम्बर | |
| ११ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | |
| १२ | कारखाना स्थापना गरिने जग्गाको विवरण | |
| १२.१ | क्षेत्रफल | |
| १२.२ | जग्गाको स्वामित्व सम्बन्धी विवरण | |
| १३ | स्थानीय समुदायमा पर्ने प्रभाव सम्बन्धी विवरण | |
| १४ | वातावरणीय प्रभाव सम्बन्धी विवरण | |
| १५ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः | |

| | | | | |
|---|---|---|---|---|
| १५.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | |
| १५.२ | कस्तो सडक छ (कच्ची/पक्की) | | बजार सम्मको दुरी (कि.मी.) | |
| १५.३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकामदेखिको दुरी (कि.मी.) | |
| १५.४ | खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिजमा) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्याः | | | | | |
| | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | पुरुष | महिला | दलित | जनजाति | अन्य |
| | | | | | | |

मा. मधुसुधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

| | |
|---|---|
| १७ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने क्रियाकलापहरुको विवरण: |
| १७.१ | |
| १७.२ | |
| १७.३ | |

| १८ | क्रियाकलाप कार्यान्वयन योजना: | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्रियाकलाप | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | आषाढ |
| १८.१ | | | | | | | | | | | | | |
| १८.२ | | | | | | | | | | | | | |
| १८.३ | | | | | | | | | | | | | |
| १८.४ | | | | | | | | | | | | | |

| १९ | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुँदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने): | |
|---|---|---|
| | अपेक्षित उपलब्धिहरु | परिमाण |
| १९.१ | वार्षिक प्राङ्गारिक मल उत्पादन क्षमता (मे.टन) | |
| १९.२ | वार्षिक रोजगारी सृजना (जना) | |
| १९.३ | वार्षिक अनुमानित आम्दानी (रु.) | |
| १९.४ | अन्य | |

| २० | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउने: | |
|---|---|---|
| | प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना | सहकार्य हुने रकम रु. |
| २०.१ | | |
| २०.२ | | |

| | |
|---|---|
| २१ | आवेदकले विगत वर्षमा सम्पन्न गरेका उल्लेखनीय कार्यहरु (प्रस्तावित कार्यक्रमसँग मेल खाने मात्र): |
| २१.१ | |
| २१.२ | |
| २१.३ | |
| २१.४ | |

| २२ | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधी समेत खुलाउने : | |
|---|---|---|
| | अनुभव तथा तालिमहरु | अवधी |
| २२.१ | | |
| २२.२ | | |
| २२.३ | | |
| २२.४ | | |
| २३ | आवेदकसँग विद्यमान जनशक्ति विवरण: | |

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडा, नेपाल

| | जनशक्ति विवरण | शैक्षिक योग्यता | तालिमको नाम र अवधी |
|---|---|---|---|
| २३.१ | | | |
| २३.२ | | | |
| २३.३ | | | |
| २३.४ | | | |

ख) आर्थिक प्रस्तावः

प्रस्तावमा उल्लिखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरणः

| क्र.सं. | मुख्य-मुख्य क्रियाकलापहरु | एकाइ | परिमाण | प्रति एकाइ दर | कुल लागत रकम रु. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| | | | जम्मा रकम रु. | | |

उल्लिखित सम्पूर्ण विवरणहरु सही रुपमा पेस गरेको छु/छौं। कहीं कतै झुठो ठहरेमा प्रचलित कानुन बमोजिम सजाय भोग्न तयार रहेको बेहोरा समेत अवगत गराउँदछु/छौं।

आवेदक संस्थाको जिम्मेवार पदाधिकारीको

| | |
|---|---|
| नामः | |
| पदः | |
| हस्ताक्षरः | |
| मितिः | |
| संस्थाको छाप | |

मा. मधुसूधन पौडेल
मन्त्री

अनुसूची-३

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

परियोजनाको दिगोपना सम्बन्धी योजना ढाँचा

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

| क्र.स. | दिगोपनको सूचक | विवरण |
|---|---|---|
| १ | कारखाना सञ्चालनका लागि आवश्यक कच्चा पदार्थ र त्यसको श्रोत | |
| २ | कारखानाबाट उत्पादित प्राङ्गारिक मलको उपभोक्ता | |
| ३ | कारखाना सञ्चालनको वार्षिक अनुमानित खर्च | |
| ४ | कारखाना सञ्चालनको वार्षिक अनुमानित आम्दानी रकम | |
| ५ | कारखानाको व्यवस्थापन | |
| ५.१ | कारखाना सञ्चालनका लागि संस्थासँग हाल रहेका जनशक्ति | |
| ५.२ | कारखाना सञ्चालनका लागि संस्थासँग हाल रहेका पुर्वाधार | |
| ५.३ | साझेदारको गत वर्षको कारोबार रकम | |
| ६ | कम्तीमा १० वर्षसम्म कारखानाको नियमित सञ्चालनको स्पष्ट आधारहरु: | |
| ७ | अन्य | |

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची-४

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

### प्रस्ताव मूल्याङ्कनको मापदण्ड

| क्र.स. | विवरण | | अङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | जग्गाको स्वामित्त्व (१५) | आफ्नो वा संस्थाको नाममा | १५ | |
| | | लिजमा लिइएको | १० | |
| | | सरकारी/सार्वजानिक | ८ | स्थानीय तहको हकमा स्वामित्व प्राप्त गर्ने प्रतिबद्धता पेस हुनुपर्ने |
| २. | जग्गाको क्षेत्रफल (१०) | ५ रोपनी भन्दा बढी | १० | |
| | | २-५ रोपनी | ७ | |
| ३. | विद्युत पूर्वाधार (५) | ३ फेज लाईन | ५ | |
| | | सिङ्गल फेज | ३ | |
| | | नभएमा | ० | |
| ४. | सडक पूर्वाधार (५) | पक्की सडक जोडिएको | ५ | |
| | | कच्ची सडक जोडिएको | ३ | |
| | | सडक सुबिधा नभएको | ० | |
| ५. | पानीको सुविधा (५) | पर्याप्त भएको | ५ | |
| | | पर्याप्त नभएको | ० | |
| ६. | फोहोर वा अन्य उप-उत्पादन व्यवस्थापन (१०) | भएको | १० | |
| | | सम्भावना भएको | ५ | |
| | | सम्भावना नभएको | ० | |
| ७. | बस्तीसँग निकटता (५) | घनाबस्तीबाट टाढा | ५ | |
| | | घना बस्तीबाट नजिक | ३ | |
| ८. | मलको कच्चा पदार्थको सुनिश्चितता (१०) | आफ्नै कच्चा पदार्थको श्रोत भएको | १० | |
| | | अन्यत्रबाट संकलन गर्ने | ५ | |
| ९. | प्रस्तावको उपयुक्तता (२५) | | | |
| | ९.१ वार्षिक प्राङ्गारिक मल | ५०० मे.टन. भन्दा माथि | १० | |

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

| क्र.स. | विवरण | | अङ्क | कैफियत |
|---|---|---|---|---|
| | उत्पादन क्षमता (१०) | १००-५०० मे.टन. सम्म | ५ | |
| | ९.२ भौगोलिक उपयुक्तता (१०) | उत्पादन र बजारीकरणमा सहजता भएको | १० | |
| | | उत्पादन र बजारीकरणमा कम सहजता भएको | ५ | |
| | ९.३ वार्षिक रोजगारी सृजना(५) | ५ जना भन्दा बढी दैनिक थप रोजगारी | ५ | |
| | | ५ जना भन्दा कम दैनिक थप रोजगारी | ३ | |
| १०. | स्थानीय तहसँग लागत साझेदारी (१०) | कुललागतमा स्थानीयको ५०% भन्दा बढी साझेदारी | १० | |
| | | कुल लागतमा स्थानीयको २५-५०% साझेदारी | ७ | |
| | | कुल लागतमा स्थानीयको २५% भन्दा कम साझेदारी | ५ | |
| कुल जम्मा | | | १०० | |

मा. मधुसूधन पौडेल
मन्त्री